नेपाल हाइड्रो डेभलोपर लिमिटेड
Nepal Hydro Developer Limited
Dillibazar-30, Kathmandu, Nepal, Phone: 977-01-4441131, 4441444
Email: info@charnawatihydro.com, Website: www.charnawatihydro.com

# वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७/११/२४)

आदरणिय शेयरधनी महानुभावहरु
यस कम्पनीको मिति २०७७/११/२० मा बसेको ६० औं सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको आर्थिक वर्ष २०७४/७५, २०७५/७६ र २०७६/७७ (१२औं, १३औं र १४औं) वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभाहुने मिति, समय र स्थान**

मिति : २०७७ चैत्र १७ गते (मार्च ३०, २०२१)
समय : दिउँसो ३:०० बजे
स्थान : डिल्लीबजार, काठमाण्डौ स्थित कम्पनीको रजिष्ट्रर्ड कार्यालयबाट Virtual(Zoom App) मार्फत सभा सञ्चालन गरिनेछ।

**क. सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक वर्ष २०७४/७५, २०७५/७६ र २०७६/७७ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/७५, २०७५/७६ र २०७६/७७ को वार्षिक वितीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु)स्वीकृत गर्ने।

३. कम्पनी रजिष्ट्रारको कार्यालयको पत्रबाट यस कम्पनीको आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को लेखा परीक्षण गर्न नियुक्त लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिकको अनुमोदन सम्बन्धमा।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.२६,००,००,०००।- को ०.७८९५ प्रतिशतका दरले हुन आउने रु.२०,५२,६३२।- बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृत गर्ने।

५. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७७/७८ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक श्री UHY Subodh Associates, Charterted Accountants पुन: नियुक्तिको लागि योग्य रहेको)।

६. स्वतन्त्र सञ्चालकको नियुक्तिको अनुमोदन सम्बन्धमा।

**ख. विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७६/७७ सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको पन्ध्र प्रतिशतका दरले हुन आउने रु.३,९०,००,०००।- बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा। (यस कम्पनीको सञ्चालक समितिबाट आ. व. २०७४/७५ को मुनाफाबाट शेयरधनीहरुलाई ४ प्रतिशत बोनस शेयर वितरण गर्ने निर्णय भएकोमा साधारण सभा हुन नसकेको र सो का लागि शेयर दाखिला खारेजी बन्द समेत नभएकाले सो समेत समावेश गरी एकमुष्ट १५ प्रतिशत प्रस्ताव गरिएको।)

२. बोनस शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने तथा सोही अनुरुप प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने।

३. सञ्चालकहरुको बैठक भत्ता निर्धारण गर्ने।

४. कम्पनीको प्रबन्धपत्रमा भएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जन गर्न कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा।

**ग. विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी :**

१. यस कम्पनीको बाह्रौ, तेह्रौ तथा चौधौं बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७७/१२/०३ गतेबाट २०७७/१२/१७ गतेसम्म यस कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७७/१२/०२ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाण्डौमा रहेको शेयरधनीदर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्न योग्य हुनेछन्।

२. विश्वव्यापी रुपमा फैलिएको महामारी कोरोना भाइरस कोभिड - १९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवम् मापदण्डहरुको पालना गर्दै जुम (Zoom) प्रविधिको माध्यमबाट सभामा सहभागी हुने व्यवस्था मिलाइएको कुरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदछौं।

३. जुम (Zoom) मार्फत उपस्थितभई साधारण सभामा सहभागी हुन, मतदान गर्न तथा मन्तब्य राख्न चाहनुहुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको ईमेल ठेगाना info@charnawatihydro.com मा ईमेल पठाउनु पर्नेछ र प्राप्त भएको ईमेलको आधारमा शेयरधनीको पहिचान गरी जुम Meeting ID/ PassCode उपलब्ध गराईनेछ। अनलाइन (Zoom) माध्यमबाट उपस्थितहुने शेयरधनी महानुभावहरुलाई सभा स्थलमा उपस्थित भए सरह मान्यता प्रदानगरी निजहरुको हाजिरी जनाईने छ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेख) ले सभामा भागलिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदिन समेत सक्नेछन।

५. सभामा भाग लिन स्वयं उपस्थित हुन नसक्ने भई प्रोक्सी मार्फत प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, डिल्लीबजार, काठमाण्डौमा प्रोक्सी दर्ता गरी सक्नुपर्नेछ। नाबालक वा अशक्त शेयरधनीको प्रतिनिधीको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नामदर्ता भएको व्यक्तिले मात्र प्रतिनिधी तोकन सक्नेछ।

६. प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखस्तसँग मिल्नु पर्नेछ।

७. कम्पनीको बार्षिक साधारणसभा सम्बन्धी सुचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु कम्पनीको वेबसाईट www.charnawatihydro.com मा राखिने छ। कसैले हेर्न नसक्नु भएमा यस कम्पनीको रजिर्ष्टर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौं वा यस कम्पनीको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौंबाट वितरण गर्ने व्यवस्था मिलाईनेछ। शेयरधनीको प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन प्राप्तगर्न सक्नुहुनेछ।

८. कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा शुरु हुनु भन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौमा पठाउनु हुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

९. अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौमा कार्यालय समयभित्र फोन नं. ४४४११३१ मा सर्म्पक राख्न सक्नु हुनेछ।

१०. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन्।